# काठमाण्डौं उपत्यकामा कोभिड-१९ जोखिमको अपडेट




COVID cases till 2078-03-30
© All rights Reserved CCMC-MedOps




COVID cases till 2078-03-30
© All rights Reserved CCMC-MedOps

## पृष्ठभूमि

१. नेपालमा कोभिड-१९ को बिरामीहरुको संख्या तीव्रगतिले बढिरहेको अवस्थामा यसको रोकथाम तथा व्यवस्थापनको लागि एक प्रकारको परिवर्तनात्मक तथा सक्षम रणनितिको तत्कालै आवश्यकता रहेको देखिन्छ। स्थानीय सरकार/निकाय तथा समुदायलाई सशक्तिकरण गर्दै नियन्त्रणको कार्यमा समुदायलाई नै संग्लन गराउनु विभिन्न रणनितिहरु मध्ये एक महत्वपूर्ण रणनिति हो।समुदायमा संक्रमणको वास्तविक वस्तुस्थिति/प्रासंगिक वस्तुस्थितिको अनुमान तथा जानकारी त्यो समुदायलाई अधिक हुने भएकाले यो रणनीति संक्रमण रोकथामको निमित्त अत्यन्त आवश्यक तथा महत्वपूर्ण छ। साथसाथै रोकथामका उपायहरु जस्तै सामाजिक दूरी कायम गर्ने, मास्कको प्रयोग, नजिकको सम्पर्कको पहिचान, परीक्षण गर्ने जस्ता आवश्क आयामहरुलाई लागु गर्ने तथा कार्यन्वयन गर्ने कामहरु पनि समुदायबाटै प्रभावकारी ढंगले हुन सक्छ। साथै Home Quarantine को सरलीकरण, Isolation व्यवस्थापन, समयमै उच्च तहका उपचार केन्द्रमा पठाउने कामहरु  समुदाय स्तरमै प्रभावकारी ढंगले कार्यन्वयन गर्न सकिन्छ । अरु देशहरुमा पनि यस्ता रणनितिहरु कोभिड-१९ को जोखिम न्युनिकरण गर्न सफलतापूर्वक लागु भएका पर्याप्त अनुभवहरु छन,जस्तै भियतनाम।यस्ता खालका रणनितिक परिवर्तन अंगिकार गर्न यसका केहि पूर्व शर्तहरु (आधारहरु) जस्तै वास्तविक परिस्थिति तथा जोखिमहरुको राम्रो ज्ञान हुनु पर्दछ ।

## उद्देश्य

२. काठमाण्डौं उपत्यकाका विभिन्न स्थानहरुमा कोभिडको जोखिम तय गर्ने उद्देश्य लिएर CCMC ले भू-स्थानीय मानचित्रण आरम्भ गरेको छ । यसको मुख्य लक्ष्य सम्बन्धित सरोकारवालालाई कोभिड-१९ को जोखिम न्युनिकरण र व्यवस्थापकिय रणनिति तयार गराउन मद्दत गर्दछ । यसबाट प्राप्त हुने अनुभवको आधारमा CCMC ले यो रणनिति देशव्यापी रुपमा अवलम्बन गर्नु पनि योजना छ ।

## विधि

३. कुनै पनि क्षेत्रमा कोभिड-१९ को जोखिम तय गर्न दुइ प्रमुख तत्वहरु लाई लिएका छौ - वर्तमान अवस्थामा रहेका कोभिड-१९ का सक्रिय विरामीहरु को संख्या, र त्यस क्षेत्र को प्रक्षेपित जनसंख्या । हामीले कोभिड-१९ का पोजिटिभ बिरामीहरुको संख्या तथा स्थानीय ठेगाना EDCD बाट र प्रक्षेपित जनसंख्या WorldPop Open Population Repository (https://www.worldpop.org/) को माध्यमबाट लियौं। काठमाण्डौं उपत्यकाको जनसंख्या नक्सालाइ ५०० वर्ग मिटर ईकाइको बहुभुज (Polygon)  ढाँचामा वर्गिकरण गरि, प्रत्येक ढाँचालाई जनसंख्या तथा पहिचान भएका कोभिड-१९ का पोजिटिभ विरामीहरुको संख्यासंग निर्दिष्ट गर्यौं। विभिन्न तहहरु(GIS Layers) राखि, प्रत्येक ढाँचाको गणनात्मक मूल्याङ्कन पश्चात पाँच श्रेणीमा निम्न अनुसार वर्गिकरण गरियो:- **"अति कम जोखिम", "कम जोखिम", "मध्यम जोखिम", "उच्च जोखिम" र "अति उच्च जोखिम"** ।

## मानचित्रले के देखाउंछ ?

४. यस मानचित्रमा काठमाण्डौं उपत्यकाका विभिन्न स्थानहरुमा गत १४ दिनमा संक्रमित भएका व्यक्तिहरुले उपलब्ध गराएको स्थानीय ठेगानाको आधारमा रातो ताराको संकेत देखिन्छ भने बहुभुज (Polygon) को रंगले कोभिड-१९ को जोखिम अति कम, कम, मध्यम, उच्च वा अति उच्च जोखिम क्षेत्र देखाउंछ, जुन संकेत जति गाढा देखिन्छ त्यति संक्रमणको जोखिम बढी भएको क्षेत्र भन्ने बुझिन्छ।

## निष्कर्ष

५. कोभिड-१९ को सन्दर्भमा उपत्यकाका महत्वपूर्ण स्थानहरुको पहिचान गरि विभिन्न जोखिम क्षेत्रहरुमा वर्गिकरण गरियो।हाम्रो प्रारम्भिक अनुभवले तुलना गरेको जोखिमको प्रथमिकता र वास्तिवक जमिनमा पनि पालिका तथा वडामा प्रमाणीकरण गर्दा नयाँ बिरामीहरुको संख्या निष्पक्ष तरिकाले मेल खान गयो ।

## ६. सुझावहरु

(क) जोखिमको मानचित्र सम्बन्धि जानकारी सबै सरोकारवालासंग (आम जनता, वडा कार्यालय, स्थानीय सरकार, प्रादेशिक तथा केन्द्रिय स्वास्थ्य अधिकारी, स्वयंसेवकहरु आदि) साझेदारी गर्न सुझाव दिन्छौं जसले उचित निर्णय लिन सहयोग गर्नेछ ।

(ख) यस्तै खालका मानचित्रणहरु नेपालको अन्य स्थानहरुमा पनि सिर्जना गरि प्रयोगमा ल्याउन सकिएको खण्डमा महामारी विरुद्धको प्रतिकार्यमा प्रभावकारी हुने देखिन्छ ।

(ग) कोभिड-१९ सम्बन्धि तथ्यांक तथा जनमानसको आवतजावत सम्बन्धि नियमित रुपले संकलन गरिएका आँकडाहरु सुव्यवस्थित बनाउन अत्यन्त जरूरी छ। साथै संकलन गरिएका तथ्यांकहरुको गुणस्तर हरेक तहमा सुधार गर्न विशेष ध्यान पुर्याउनुपर्ने आवश्यकता छ।

(घ) यो नक्सालाई आधार मानेर परीक्षण जरूरी रहेका स्थानहरु, CONTACT TRACING आवश्यक रहेका स्थानहरु तथा क्वारानटाईन/आइसोलेसन सेन्टर कुन स्थानमा बनाउन उपयुक्त वा आवश्यक हुन्छ भनेर स्पष्ट पहिचान गर्न सजिलो हुनेछ।

(ङ) यसै मानचित्रलाई आधार मानी अस्पतालहरुलाई समेत सजग गराई आवश्यक पूर्व तयारी गर्न समेत मद्दत पुग्ने देखिन्छ।

कुनै निश्चित भूगोलमा संक्रमण उच्च देखिएको खण्डमा सो क्षेत्रमा सिमित रहने स्थानीय लकडाउन (पालिका/वडा, टोल, मार्ग ) गर्न समेत यस मानचित्रले दिशानिर्देश गर्नेछ।

## स्वीकारोक्ति (Acknowledgements)

७. CCMC-OPS लाई उपरोक्त मानचित्र निर्माण गर्नका निमित्त CCMC-ITOPS, CCMC-MEDOPS का साथै मानचित्रण सम्बन्धि कार्यहरु गर्न स्वेच्छिक रूपमा Innovative Solution Pvt. Ltd, Chakupat ले प्राविधिक सहयोग गरि यो कार्य सम्पादन गरिएको छ ।

## ८. विज्ञ समुहः-

(क) **सुचना प्रणाली विशेषज्ञ**: भुषण राज श्रेष्ठ, PhD (Computer Science)
(ख) **तथ्यांक विश्लेषण विशेषज्ञ**: कविता बादे श्रेष्ठ, PhD (Geostatistics)
(ग) **भौगोलिक सुचना प्रणाली विशेषज्ञः** शैलेश बहादुर श्रेष्ठ, MS (Geoinformatics)
(घ) **महामारी विज्ञान विशेषज्ञः :** विराज कर्माचार्य, PhD (Dhulikhel Hospital)